# २०७७ साल साउन १२ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | प्राथमिकताप्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजनाको कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट प्राप्त हुने अमेरिकी डलर ५० मिलियन (करिब रु. ५ अर्ब ९६ करोड) बराबरको ऋण तथा अनुदान सहायता सम्बन्धी वार्ता गर्न अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| २. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई १० हजार मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई २० हजार मेट्रिक टन चिनी ५० प्रतिशत भन्सार महसुल छूट गरी आयात गर्न स्वीकृति दिने। |
| ३. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | सत्य निरुपण तथा मेलिमलाप आयोगको केन्द्रीय कार्यालयको लागि ३५ जना, मुकाम कार्यालयको लागि २१ जना र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि २३ जना राजपत्राङ्कित कर्मचारीहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत आ.ब. २०७७।७८ का लागि नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र अन्तर्गतको विकेन्द्रीत आयोजना सहयोग ईकाइमा १९ वटा राजपत्राङ्कित पदहरूको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| ५. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत विभिन्न ८ वटा आयोग/आयोजना /परियोजना तथा कार्यक्रमहरूको चालु आ.ब. २०७७।७८ का लागि २२० वटा राजपत्राङ्कित पदहरूको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| ६. | गृह मन्त्रालय | प्रहरी नायब महानिरीक्षकहरू निरज बहादुर शाही र प्रद्युम्न कुमार कार्कीलाई प्रहरी सेवाको जनपद प्रहरी समूहको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने। |
| ७. | परराष्ट्र मन्त्रालय | नेपाली राजदूतावास, मस्कटको चान्सरी र राजदूत निवास निर्माणका लागि ओमान सरकारले छुट्ट्याएको कूटनीतिक क्षेत्र (Diplomatic Zone) मा वार्षिक ओमानी मुद्रा ५०० बैजा अर्थात् ६,३७,७३५।- रुपैयाँमा २० वर्षसम्मका लागि जग्गा भाडामा लिन सम्झौता गर्न स्वीकृति दिने। |
| ८. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नारायणगढ-मुग्लिङ्ग सडक खण्डमा हलुका सवारी साधनको रु. २५।- र भारी सवारी साधनको रु. ५५।- का दरले सडक उपभोग दस्तुर संकलन गर्न स्वीकृति प्रदान गर्ने। |
| ९. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | बालसुधार गृहहरू (रूपन्देही, मकवानपुर, डोटी र पर्सा) र राष्ट्रिय बाल अधिकार परिषद्तर्फ ६ वटा राजपत्राङ्कित पदहरूको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| १०. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेपाल बाल संगठनको केन्द्रीय कार्यसमिति खारेज गर्ने र सुनसरी जिल्ला धरान नगरपालिका वडा नं.१४ निवासी श्री विद्या उपाध्याय न्यौपानेलाई बाल संगठनको केन्द्रीय कार्यसमितिको अध्यक्ष पदमा मनोनयन गर्ने। |
| ११. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति विघटन गरी संस्थाको साधारण सदस्यहरूमध्येबाट डा.नेत्र प्रसाद तिम्सिनाको अध्यक्षतामा ३३ सदस्यीय तदर्थ समिति गठन गर्ने। |
| १२. | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवमा रमेश कुमार सिलवाल, बेनीघाट-३ धादिङ्गलाई नियुक्त गर्ने। |

| | | |
|---|---|---|
| १३. | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्ष पदमा स्याङ्जा जिल्ला, खिलुङदेउराली-९ निवासी श्री शिब कोइरालालाई मनोनयन गर्ने। |
| १४. | रक्षा मन्त्रालय | नेपाली सेनाका देहायका महासेनानीहरूलाई देहायबमोजिम सहचारी र सैनिक सल्लाहकारमा नियुक्ति गर्नेः<br>१. भुवनपूर्ण सत्याललाई नेपाली राजदुतावास, वासिङ्गटन डीसी, अमेरिकाको सैनिक सहचारी<br>२. मोहन क्षेत्रीलाई नेपाली राजदुतावास, बेईजिङ्ग, चीनको सैनिक सहचारी<br>३. रोशन शम्शेर ज.ब.रा.लाई नेपाली राजदूतावास, ढाँका, बंगलादेशको सैनिक सहचारी<br>४. रत्न बहादुर गोदारलाई नेपाली राजदूतावास, लण्डन, बेलायतको सैनिक सहचारी<br>५. रामचन्द्र खत्रीलाई नेपाली राजदूतावास, नयाँदिल्ली, भारतको सैनिक सहचारी<br>६. जगदीश खड्कालाई संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्क, अमेरिकाको सैनिक सल्लाहकार<br>७. अमृत काजी गुरुङ्गलाई नेपाली राजदूतावास, इस्लामावाद, पाकिस्तानको सैनिक सहचारी। |
| १५. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | चिकित्सा शिक्षा आयोग र मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रम, परियोजना, आयोजना, समितिका लागि राजपत्राङ्कित श्रेणीका जम्मा ६४ अस्थायी पदको दरबन्दी सिर्जना गर्ने। |
| १६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | कोभिड-१९ का कारण बन्द रहेका विद्यालय जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड पालना हुने गरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजिकरणका लागि देहायबमोजिम गर्नेः-<br>(क) शैक्षिक सत्र २०७६।७७ को नतिजा प्रकाशन गर्न बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने।<br>(ख) २०७७ भदौ १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्ने र कक्षागत रूपमा विद्यार्थीको संख्यात्मक विवरण यकिन गर्ने। भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने।<br>(ग) नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने बाँकी भए उपलब्ध गराउने।<br>(घ) विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ विद्यालय शिक्षकहरू विद्यालय पुगिसक्ने व्यवस्था मिलाउने।<br>(ङ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा जारी गर्ने।<br>(च) विद्यालय भवन तथा परिसरमा क्वारेन्टिन र आइसोलेसनसम्बन्धी कार्यहरू सञ्चालन नगर्ने। क्वारेन्टिन र आइसोलेसनको रूपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्डबमोजिम स्थानीय तहले निर्मलीकरण गरी अध्ययन अध्यापन गर्न योग्य बनाउने।<br>(छ) विद्यालय र विद्यालय परिसरभित्र तथा विद्यार्थी आवागमनमा प्रतिकूल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रणसम्बन्धी संरचनाहरू नराख्ने। |
| १७. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)को कार्यकारी निर्देशक पदमा श्री बुद्धिबहादुर के.सी.लाई नियुक्त गर्ने। |

| | | |
|---|---|---|
| १८. | सहरी विकास मन्त्रालय | नवलपरासी पूर्वको जिल्ला सदरमुकामको प्रथम चरणको पूर्वाधार विकास गर्न स्रोत सुनिश्चितता अर्थ मन्त्रालयले गर्ने, सोहीअनुसार राष्ट्रिय योजना आयोगले बहुवर्षीय खरिद गुरुयोजना स्वीकृतिका लागि सहमति दिने। |
| १९. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य व्यवसायी परिषद्को अध्यक्ष पदमा मालु-२ दोलखा निवासी डा.मोहन कृष्ण श्रेष्ठलाई मनोनयन गर्ने। |
| २०. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य बीमा बोर्डका अध्यक्षमा डा.उमा शंकर प्रसादको राजीनामा स्वीकृत गर्ने। |
| २१. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री मधुकुमार मरासिनीलाई नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्ने। |